# वर्तमान शिक्षा प्रणालीमा अपेक्षित शैक्षिक सुधारहरू

**रामप्रसाद सुवेदी**
**सहायक प्राध्यापक पृथ्वीनारायण क्याम्पस, पोखरा, तथा रोस्टर प्रशिक्षक, शैक्षिक तालिम केन्द्र, कास्की**

## लेखसार

**नेपाल चाँडै नै राज्य पुनर्संरचनामा प्रवेश गर्न लागेको छ । यस सम्बन्धमा संसद र बुद्धिजीवीलगायत विभिन्न क्षेत्रहरूमा बहस चलिरहेको छ । संविधानसभाले यसका लागि धेरै ऊर्जा खर्च गरिरहेको छ । राज्य पुनर्संरचनामा गइसकेपछि शिक्षा कस्तो हुने त्यसका बारेमा बहसहरु चलेका छन् तर ठोस खाका भने दिन सकेको पाइँदैन । परम्परादेखि चलिरहेको शिक्षाको स्वरूपमा कसरी परिवर्तन ल्याउने ? स्थानीय निकाय, क्षेत्रीय निकाय र केन्द्रीय निकायको जिम्मेवारीमा केही हेरफेर होला । यो लेखमा पुनर्संरचनापछि शिक्षाका चरहरू पाठ्यक्रम, शैक्षिक प्रक्रिया अनुगमन र परीक्षा प्रणालीलाई आधार मानेर केही प्रकाश पार्न खोजिएको छ । प्रस्तुत लेख कति ओटा राज्य, कस्तो शासकीय स्वरूपभन्दा पनि उल्लिखित चरहरूको वर्तमान सञ्चलन प्रक्रिया कस्तो छ ? हुनुपर्ने के हो ? जस्ता पक्षहरूलाई आधार मानिएको छ ।**

## विषय प्रवेश

नेपालमा विक्रम संवत् १९१० बाट औपचारिक विद्यालय शिक्षाको सुरुआत भएको मानिन्छ । त्योभन्दा पहिला शिक्षा केही हदसम्म चलेको थियो तर परिवारमा मात्र सीमित थियो । शिक्षालाई राज्यको आवश्यकता र मानव संशाधन विकासको दृष्टिकोणले हेरिँदैनथ्यो । दैनिक जीवन गुजार्न जस्ता समस्या पर्थे ती समस्या समाधान गर्न केही सिकाउने काम गरिन्थ्यो त्यही नै शिक्षा थियो । परिवारमा केन्द्रित शिक्षामा बाबुले छोरालाई आमाले छोरीलाई पारिवारिक, व्यक्तिगत र सामाजिक समस्याको समाधानमा केन्द्रित रहेर शिक्षा दिने प्रचलन थियो । अर्थात् तत्काल जे परेको छ त्यही सिकाउने काम हुन्थ्यो । वि.सं. १९१० भन्दा पहिलाको शिक्षालाई स्वदेश कालीन (indigenous) शिक्षा भनिन्थ्यो ।



त्यति बेला शिक्षा नेपालको प्रचलित रहनसहन, प्रणालीअनुसार थियो । पाठ्यक्रम, शैक्षिक प्रक्रिया, मूल्याङ्कन, अनुगमनमा विदेशी प्रभाव कम थियो । जङ्गबहादुर बेलायतबाट फर्केपछि उनले विदेशी शिक्षक, विदेशी पाठ्यक्रम, विदेशी शैक्षिक प्रक्रिया र उतैको मूल्याङ्कन प्रणाली लिएर आएपछि आफ्ना छोराछोरीहरूलाई दरबार स्कुल खोली पढाउन सुरु गरे । दरबार स्कुलको शिक्षाको व्यापक प्रभाव देशभित्र पऱ्यो । परीक्षा लिने प्रणाली नेपालमा नभएकाले भारतमा गएर लिइन्थ्यो र नतिजा प्रकाशन गरिन्थ्यो । औपचारिक शिक्षाको ८० वर्ष वितिसक्दा पनि देशमा २१ औं शताब्दीको आवश्यकतालाई समेट्ने खालको शिक्षा प्रणाली नभएकाले राज्यको पुनर्संरचनासँगै व्यापक सुधार गर्नुपर्ने आवश्यकता महसुस गरी केही पक्षमा गर्नुपर्ने पविर्तनलाई औँल्याउन खोजिएको छ ।

## पाठ्यक्रम कस्तो बनाउने ?

युनेस्कोले शिक्षाका लक्ष्य र उद्देश्यहरू प्राप्त गर्नका लागि विद्यालय तथा शिक्षकद्वारा विद्यार्थीहरूका लागि तयार गरिएका योजनालाई पाठ्यक्रम भन्यो । प्रगतिवादले उपयोगिताको सिद्धान्तमा विश्वास गर्ने भएकाले जीवनमा उपयोगी हुने विषय वस्तु पाठ्यक्रममा समावेश गरिनुपर्छ जसले गर्दा बालबालिकाको वर्तमान जीवनका समस्याहरू समाधान गर्न सकोस् र बालकको रुचि, क्षमता र आवश्यकताहरूलाई पाठ्यक्रममा समावेश गरिनुपर्छ भन्ने छ । त्यस्तैगरी अस्तित्ववादीहरू बालबालिकाले आफ्नो पाठ्यक्रम आफैँ निर्माण गरी उक्त पाठ्यक्रमले तर्क सिकाउने र सत्यको बाटो देखाउन सक्नुपर्छ भन्छन् ।

निर्माणवादका अनुसार विद्यार्थीहरूले खोजी गरेर सिक्ने, अनुसन्धान गरेर सिक्ने, आनन्दपूर्वक सिक्ने र अन्तरक्रियालाई बढावा दिने खालको पाठ्यक्रम हुनुपर्छ भन्छन् । आदर्शवादले मानव जीवनको आदर्श प्राप्त गर्ने, चरित्र निर्माण गर्ने सभ्यता र संस्कृतिको प्रतिबिम्ब पाठ्यक्रममा हुनुपर्छ भन्ने कुरामा जोड दियो । प्रयोजनवादीहरू बालकको रुचि, उपयोगिता, व्यावसायिक र अनुभवहरूको सिद्धान्तमा आधारित पाठ्यक्रम हुनुपर्छ भन्दछन् । यथार्थवादीहरू पाठ्यक्रमलाई वर्तमान वास्तविक जीवनसँग जोडी असल व्यक्ति र असल समाज निर्माण हुने खालको पाठ्यक्रम निर्माणमा जोड दिन्छन् ।

पाठ्यक्रम विभिन्न दर्शनमा आधारित हुन्छ जसले सिकारुलाई बाटो देखाउँछ र सिप सिकाउँछ । त्यही बाटो र सिप बालकको जीवनको आवश्यकता परिपूर्ति गर्ने माध्यम बन्छ । नेपालको वर्तमान पाठ्यक्रम न त उपयोगिताको सिद्धान्तमा आधारित छ, न त तर्क सिकाउने र सत्यको बाटो देखाउने कुरामा नै आधारित छ । अनुसन्धान गर्नुभन्दा घोकेर कण्ठ गरेर सिक्ने, असल चरित्र आफैँ निर्माण गर्नेभन्दा पनि लठ्ठी लगाएर तह लगाउनु पर्ने र वास्तविक जीवनसँग मेल खानेभन्दा पनि मेल नखाने खालको पाठ्यक्रम दिइरहेको पाइन्छ ।

नेपालको पाठ्यक्रम पूर्व मेचीदेखि महाकाली, हिमालदेखि तराईसम्म एकात्मक प्रकृतिको छ र जुन परम्परागत शैलीमा आधारित छ । तराइको कुनै विद्यालयमा कक्षा ११ मा शिक्षा पढेको विद्यार्थीले शिक्षाको परिचय र पेडागोजी पढ्नुपर्छ भने हिमाली क्षेत्रमा चलेको विद्यालयमा पनि त्यही विषय पठनपाठन गरिन्छ । उक्त पाठ्यक्रम न त उपयोगिताको सिद्धान्तमा आधारित भयो न त आवश्यकताको सिद्धान्तमा नै आधारित रह्यो, त्यसैले अनुसन्धान गरेर सिक्ने, बालकको जीवनको आवश्यकता परि पूर्ति हुने र संस्कृतिको प्रतिबिम्ब हुने खालको पनि भएन । तसर्थ उपर्युक्त आवश्यकतालाई मध्यनजर गर्दै राज्यको पुनसंरचनामा राज्यले ठुलो सैद्धान्तिक र कार्यात्मक बहस चलाउनुपर्छ तराईमा कृषि तथा उद्योगको सम्भावना रहन्छ भने हिमाली क्षेत्रमा पशुपालन, जडिबुटी र पर्यटन विषयलाई समावेश गरिनु उपयुक्त हुन्छ । जति डोल्पाका विद्यार्थीले यार्सागुम्बाको ज्ञानबाट फाइदा लिन्छन्, त्यति शिक्षा र पेडागोजीबाट लिन सक्दैनन् । त्यसैले संविधान निर्माणमा राज्यको पुनर्संरचना गर्दा आवश्यकतामा आधारित विविधतायुक्त, जीवन सापेक्ष पाठ्यक्रम निर्माण गरिनुपर्छ ।

## शैक्षिक प्रक्रिया कस्तो ?

ज्ञान हस्तान्तरण गर्ने विधि शैक्षिक प्रक्रिया हो । शिक्षकले विभिन्न विधि अपनाएर आफूसँग भएको ज्ञान विद्यार्थीमा हस्तान्तरण गर्न सक्छन् । शिक्षक केन्द्रित, विद्यार्थी केन्द्रित, प्रयोगात्मक नाटकीकरण जस्ता कुनै पनि तरिका अपनाउन सकिन्छ । आदर्शवादीहरू अनुकरण र व्याख्यान विधिमा जोड दिन्छन् । बालकलाई आदर्श व्यक्ति बनाउनका निम्ति त्यसै अनुसारको शैक्षिक प्रक्रियामा जोड दिन्छन् । बालकलाई नैतिकता, बौद्धिकता र सौन्दर्य बोधका क्रियाकलापमा संलग्न गराउनुपर्छ र त्यहीअनुसार शैक्षिक प्रक्रिया सञ्चालन गर्नुपर्छ भन्छन् । अनुशासन, अनुकरण, रुचि र स्वक्रियाकलापलाई आदर्शवादले मुख्य शैक्षिक प्रक्रिया ठान्छ । प्रकृतिवादले शैक्षिक प्रक्रियामा स्वभाविक प्रक्रिया अपनाउनुपर्छ भन्छ । मनोरञ्जन र आनन्ददायक, स्वक्रियाकलापमा आधारित, आगमन विधिलाई शैक्षिक प्रक्रिया मान्दछ । प्रयोजनवादीहरू गरेर सिक्ने (learning by doing) प्रक्रिया अपनाउनुपर्छ भन्दछन् । यथार्थवादीहरू आगमन विधिबाट सिकाइ तथ्याङ्क सङ्कलन, व्याख्या विश्लेषण, छलफल, वादविवाद प्रदर्शन, प्रयोग, योगा जस्ता विधिलाई शैक्षिक प्रक्रियाको रूपमा मान्छन् ।

माथि उल्लेखित दर्शनहरूले आआफ्नो शैक्षिक प्रक्रियाको बाटो देखाएका छन् । जस्तो शैक्षिक प्रक्रिया अपनाए पनि त्यो सिकारुको ज्ञान, सिप र क्षमताको अभिवृद्धि गर्ने खालको हुनुपर्छ ।

नेपालको कक्षा कोठाको व्यवस्थापन राम्रो छैन त्यसैले उपयुक्त खालको शैक्षिक प्रक्रिया अपनाइँदैन । अधिकांश कक्षामा chalk and talk तरिका मात्र अपनाएको पाइन्छ । अबको शिक्षाको पुर्नसंरचना आवश्यकता कक्षाको उपयुक्त व्यवस्थापन, शिक्षक विद्यार्थी केन्द्रित क्रियाकलाप नै हो । कक्षा कोठामा शिक्षक नआइदिए हुन्थ्यो, चाँडै घन्टी लागे हुन्थ्यो, भन्ने खालको वातावरण नभएर शिक्षकसँग बसौं, बसौं जस्तो लाग्ने, अत्यन्त अन्तरक्रियात्मक शैलीमा विद्यार्थीको मनोभावना बुझी रमाइलो वातावरणमा शिक्षण प्रक्रिया अपनाउनुपर्छ । तसर्थ हिमालदेखि तराई, मेचीदेखि महाकालीसम्म त्यहाँका वस्तुस्थिति हेरी सोहीअनुसारको फरक फरक शैक्षिक प्रक्रिया अपनाउनुपर्छ ।

राज्यको पुनसंरचनामा शिक्षाको पुनर्संरचनालाई विशेष ख्याल गर्नुपर्छ । शिक्षाको मुख्य आधार शैक्षिक प्रक्रिया हो । शिक्षकसँग ज्ञान छ, कक्षा कोठामा उपयुक्त साधन र स्रोत छन तर पनि उपयुक्त शैक्षिक प्रक्रिया अपनाइएन भने कक्षा उत्पादनमूलक हुँदैन । व्याख्यान प्रदर्शन तरिकाले मात्र आजको सिकारुको आवश्यकतालाई समेट्न सक्दैन तर अधिकांश विद्यालयहरूमा परम्परागत व्याख्यान र प्रदर्शन प्रक्रिया रहेको पाइन्छ । अनुसन्धान उन्मुख शैक्षिक प्रक्रियामा जोड दिएको पाइँदैन । अबको कक्षा कोठाको सिकाइ कागजविहीन (paperless operation) मा आधारित हुनुपर्छ । कक्षा कोठामा शिक्षकले विषय वस्तुको उठान गरिदिने त्यसपछि विद्यार्थीले उक्त विषय वस्तुलाई इन्टरनेट, पुस्तकालय, पत्रपत्रिका तथा अन्य सन्दर्भ सामग्रीको माध्यमबाट खोजी गर्ने र प्रस्तुत गर्ने खालको हुनुपर्दछ । यसका लागि सहजीकरणको भूमिकामा मात्र शिक्षक रहने व्यवस्था अबको शिक्षाको पुनर्संरचनाको शैक्षिक प्रक्रियामा आवश्यक छ ।

हाम्रा कक्षा कोठाको सिकाइ प्रक्रिया, बसाइ व्यवस्थापन खासै नयाँ पन पाइँदैन । हरेक कक्षामा लाइनमा बस्ने, शिक्षकले अगाडि उभिएर व्याख्या गर्ने, नोट लेखाइदिने, विद्यार्थीले नोट सार्ने, अनि सारेको नोटलाई कण्ठ गर्ने र विद्यार्थीले कण्ठ गर्न सकेमा त्यसलाई सिकाइ उपलब्धि मान्ने प्रक्रियालाई मुख्य शैक्षिक प्रक्रियाको रूपमा लिइएको छ । हामी परम्परागत शैलीमा बाधिएको हुँदा हाम्रा विद्यार्थीहरूले पनि जे यथावत चलेको छ त्यसैलाई सहज मान्दछन् । नयाँ तरिकाले शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्दा उनीहरूले त्यसलाई असहज मान्दछन् । अब हामीले विश्वको जुनसुकै शिक्षण संस्थासँग प्रतिस्पर्धा गर्नु पर्ने अवस्था आएको छ । विश्वव्यापीकरणले गर्दा संसारको कुनै पनि ठाउँमा जनशक्तिको आवश्यक भएमा नेपालीले प्रतिस्पर्धा गर्न सक्छन्, त्यो प्रतिस्पर्धामा खरो उत्रनका लागि हाम्रो जनशक्तिलाई तिखार्नु पर्ने हुन्छ । यसका लागि हामीले शिक्षण प्रक्रियामा सकेसम्म नौला आयम (nobal attept) प्रयोग गर्नुपर्दछ । गरिब अभिभावकको लागि शिक्षा आवश्यकताको प्राथमिकतामा कम पर्छ । तसर्थ उनीहरूलाई रोजीरोटीले नै पिरोली रहेको हुँदा चाँडो प्रतिफल प्राप्त हुने शिक्षा खोज्नुपर्छ ।

शिक्षा एउटा ढिलो प्रतिफल दिने साधन भएकाले लामो समयसम्म लगानी गर्दा आयस्तर कम भएका अभिभावकहरू आत्तिइरहेका हुन्छन् । राज्यले सम्पूर्ण जिम्मेवारी लिन नसकेको अवस्थामा अभिभावकको लागि यो एउटा चुनौतीको रूपमा रहेको हुन्छ । नर्वे लगायतका मुलुकमा सम्पूर्ण शिक्षामा लगानी राज्यले गर्दछ, भोलि त्यही लगानी जनशक्तिको रूपमा उत्पादन भइसकेपछि उनीहरूले गरेको आयबाट कटाउने प्रक्रिया त्यहाँको रहेको छ । अमेरिका तथा बेलायतमा अनिवार्य तथा निःशुल्क शिक्षा विद्यालय तहसम्म रहेकाले कस्तो शैक्षिक प्रक्रिया उपयुक्त हुन्छ भन्ने दायित्व राज्य तथा समाजको रहेको हुन्छ । नेपालका नागरिक तथा समाजमा प्रगतिशील परिवर्तन ल्याउने शैक्षिक प्रक्रिया अँगालिनु पर्छ । परम्परादेखि विकासमा अवरोध देखिएका प्रथाहरूवादी, कमलरि, हलिया र राष्ट्रिय मूलधारबाट बाहिर रहेका जातजातिहरूको लागि उनीहरूको आवश्यकता पहिचान गरी त्यहीअनुसारको शैक्षिक प्रक्रिया अवलम्बन गरिनु अहिलेको खाँचो हो ।

शिक्षा एउटा सशक्तीकरणको आधार हो । परम्परादेखि दबिएर कतिपय जातजातिहरू रहेका छन् । पाउलो फ्रेरेको भनाइ जस्तो दबिएर रहेकाहरूका लागि के शिक्षा दिने ? उनीहरूलाई कसरी बोल्न सिकाउने ? आफ्नो पहिचान गर्न सक्ने र समाजमा आफ्नो भूमिका के हो ? मैले के गर्न सक्छु ? किन मैले कही गर्न पाइनँ आदि जिज्ञासा खोज्न सक्ने गरी शिक्षा दिनुपर्छ । जोन डिवेले भने जस्तो विद्यालयमा विद्यार्थीहरू प्रमाण-पत्र लिन मात्र जान्छन् भन्ने सोच्नु हुँदैन ताकि विद्यालय एउटा सामाजिकीकरणको थलो हो । उनीहरूले घरमा सिक्न नसकेका सामाजिक मूल्य मान्यता विद्यालयले सिकाउन सकोस् । पठन पाठन बाहेक अन्य अतिरिक्त सिकाइ सञ्चालन गर्नु पर्छ जसले गर्दा जीवन संचालनको लागि उनीहरूले प्रमाण पत्रलाई मात्रा आधार नमानून् ।

**अनुगमन कस्तो ?**

कुनै काम गराइ सकेपछि इमान्दारितापूर्वक भएको छ वा छैन भनेर हेर्ने कार्यलाई अनुगमन भनिन्छ । नेपालको विद्यालयको सबैभन्दा कमजोर पक्षको रूपमा अनुगमन र सुपरिवेक्षणलाई मानिन्छ । नीति

निर्माणहरू बनाइएका हुन्छन्, हेर्दा ती नीतिहरू अत्यन्तै राम्रा पनि छन् तर कार्यान्वयन हुँदैनन् । किन कार्यान्वयन भएनन् भनेर हेरिदैन । हेर्ने निकायहरू आस्थाका आधारमा बाँधिएका छन् । यसरी आस्थाका आधारमा अनुगमन गर्दा गल्ती गर्नेले उचित सजाय पाउँदै न भने गल्ती नगर्ने सजायको भागिदार बन्न सक्छ ।

त्रिभुवन विश्व विद्यालयको शैक्षिक तथ्याङ्कलाई विश्लेषण गर्ने हो भने त्यो अत्यन्त कहाली लाग्दो देखिन्छ । २०६८/०६९ को प्रथम वर्षमा शिक्षा सङ्कायमा आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसमा भर्ना भएका एक लाख ६२ हजार विद्यार्थीमध्ये तृतीय वर्षको अन्त्यसम्म पुग्दा जम्मा ९७ हजार मात्र बाँकी रहेको देखाएको छ । ६५ हजार विद्यार्थीले system नै छोडेर गए । साधारण शिक्षा, शिक्षाशास्त्र, मानविकी, व्यवस्थापनमा अत्यधिक विद्यार्थी Drop-out हुन्छन् । आज कक्षामा आएको विद्यार्थी प्रायः भोलि देखिँदैन । मनलागे उपस्थित हुने मन नलागे नहुने गर्दछन् । उपस्थित भएका पनि पुरा समय कक्षामा बस्दैनन् । स्नातकोत्तर तहमा भर्ना भएका विद्यार्थीहरूसँग अन्तरक्रिया गर्दा जागीर नपाएका कारणले भर्ना भएको जस्ता भनाइ राख्दछन् । अधिकांश +२ पास भएका विद्यार्थीहरू कोरियन भाषा परीक्षा (EPS) परीक्षा दिने, डि.भी. भर्ने, अरबका कुन कम्पनीमा कस्तो जागिर खुलेको छ ? कहाँ apply गर्ने त्यतातिर मात्र ध्यान दिएका हुन्छन् ।  यसरी अनुमान लगाउन सकिन्छ कि आगामी केही वर्षसम्म यही पठनपाठन प्रक्रिया निरन्तर रहने हो भने साधारण शिक्षा +२ देखि विश्व विद्यालयसम्म कहाँ पुग्ने हो, भन्न गाह्रो छ । विश्व विद्यालयको केही कार्यक्रम एक वर्षे बिएड को त झनै कहाली लाग्दो अवस्था रहेको छ । शिक्षाभन्दा बाहिरका शिक्षण पेसामा जान चाहनेहरूका लागि संचालन गरिएको उक्त कार्यक्रम धेरै ठाउँबाट हटिसक्यो जुन क्याम्पसमा रहेको छ, एक दिन पनि विद्यार्थी उपस्थित हुँदैनन्, पुरा कार्यक्रममा भाग लिदैनन् । भोलि ती विद्यार्थी शिक्षक बनेर विद्यालयमा उपस्थित हुँदा कसरी शिक्षण गर्दछन् त्यो अनुमान गर्न कठिन छ । अबको शैक्षिक पुनसंरचनामा योग्यता भएका विद्यार्थी कक्षामा भर्ना हुने, भर्ना भएका पुरै टिक्ने प्रणालीको विकास गर्नुपर्छ ।

शिक्षा क्षेत्रमा अनुगमन प्रणाली अत्यन्तै कमजोर अवस्थामा रहेको छ । शिक्षालाई एउटा लचिलो प्रणाली (loosely couple system) को रूपमा लिए तापनि अति लचिलो प्रणालीको रूपमा सञ्चालन भएको पाइन्छ । यतिसम्म कि हिउँदे बिदा र बर्से बिदामा एकरूपता छैन । स्थानीय बिदामा पनि फरक फरक पन पाइन्छ । कतिपय विद्यालयमा त पाउनु पर्ने ६० दिन स्थानीय बिदाभन्दा बढी भएमा हाजिर गराएर पुरा गरिएको पनि पाइन्छ । विद्यालय चलेको दिनमा पनि पुरा दिन कक्षा चलेको पाइँदैन । रूपन्देहीमा विज्ञहरूले गरेको एक अध्ययनमा जम्मा ५२ दिन विद्यालय चलेको पाइएको थियो । २२० दिन चलेका सामुदायिक विद्यालयहरू कमै मात्र छन् । सक्षमतामा आधारित र शिक्षकको पेसागत विकास तालिमको क्रममा विभिन्न विद्यालयको अवलोकन गर्दा निम्न लिखित अवस्थाहरू देखिएका थिए :

१. मध्यान्तर पछि थोरै विद्यार्थीहरू कक्षामा उपस्थित रहने
२. ग्रामीण भेगमा भोज, भतेर, विवाह हुँदा विद्यालय नचल्ने
३. कलाकारहरू कुनै कार्यक्रम (फिल्म सुटिङ) गर्न लाग्दा अधिकांश विद्यार्थी कक्षामा नगइ त्यतै लाग्ने

४. राजनीतिक पार्टीको कार्यक्रम प्रायः विद्यालयमा हुने हुँदा त्यतिबेला विद्यालय बन्द रहनु
५. शिक्षक संघ सङ्गठनका नेताहरूको विद्यालयप्रतिको जवाफदेहिताभन्दा पेसागत सङ्गठन सङ्घप्रति बढी हुनु
६. विद्यालयको कार्यक्रमलाईभन्दा जिशिअको आगमन र विदाइमा शिक्षकहरू लाग्नु
७. टिनको छाना भएकोले हावा हुरी चल्दा कक्षा बन्द गर्ने
८. १ देखि ५ कक्षासम्मका विद्यार्थीहरू एउटौ कक्षामा राखेर पढाउँदा सार्वजनिक स्थलमा भाषण गरे जस्तो कक्षा हुनु
९. कुनै विद्यालयमा दुई जना मात्र शिक्षक भएको अवस्थामा एक एक जना पालो गरेर आई भोलि पल्ट हाजिर गर्ने
१०. परीक्षा सञ्चालन गर्दा प्रश्नपत्र बोर्डमा लेखी शिक्षकहरू घाम तापेर बाहिर बस्ने
११. वर्षा याममा खोलो बढेको बेलामा विद्यालय नचल्ने

माथि उल्लेखित अवस्थाहरू विद्यालय राम्रोसँग अनुगमन नहुनुका परिणाम हुन् । केही संस्थागत विद्यालयहरूमा शिक्षकहरू नियमित छन्, नियमित कक्षाहरू सञ्चालन भएका छन् । तर सामुदायिक विद्यालयहरूमा शिक्षक तथा विद्यार्थीको नियमित उपस्थिति पाइएन ।

उल्लिखित उदाहरणहरू प्रतिनिधिमूलक मात्र हुन् । नेपालका दूरदराज गाउँहरूमा त्यतिसम्म पनि विद्यालय चलेका छैनन् । शिक्षा प्रशासकहरू पनि सकेसम्म तदर्थवादमा समय वितोस् भन्न चाहन्छन् किनकि अन्वेषणात्मक तरीकाबाट जाँदा चुनौतीपूर्ण हुन्छ र खर्च बढी हुन सक्छ । अत एवं विद्यालयको अनुगमन प्रणालीका लागि निम्न लिखित सुझावहरू प्रस्तुत गरिन्छ ।

१. नेपाल सरकारका अवकाश प्राप्त कर्मचारी, प्राध्यापक, अवकाश प्राप्त नेपाली सेना र प्रहरीको विद्यालय अनुगमन टोली बनाउने ।
३. अनुगमन टोलीलाई अधिकार सम्पन्न बनाउने र उसलाई तुरुन्त विभागीय कारवाहीको लागि सिफारिस गर्न सक्ने अधिकार दिने ।
४. राजनीतिक दलको सम्मेलनमा शिक्षक गएको पाइएमा कारवाही गर्ने अधिकार प्रदान गर्ने ।
५. कक्षामा शिक्षक र विद्यार्थी अनुपस्थित भएको दैनिक रकेर्ड राखी, किन र कसरीको उत्तर खोज्ने ।
६. तोकिएको पुरै दिन (२२०) विद्यालय चल्नुपर्ने, नचलेको पाइएमा तुरुन्त कारबाही गर्ने ।
७. दैनिक पुरा समय कक्षा चलेको नचलेको अभिलेख राख्ने, नचलेको पाइएमा तुरुन्त त्यो कारण खोजी गर्ने र कारवाही गर्ने ।
८. दैनिक रूपमा पठन पाठनको स्तरीयताको निरीक्षण गर्ने र विज्ञहरूबाट सुझाव प्रस्तुत गर्ने ।

## परीक्षा प्रणाली कस्तो उपयुक्त हुन्छ ?

नेपालको अबको राज्यको पुनर्संरचनामा राज्यले हेर्ने मुख्य कार्य शिक्षाका लागि परीक्षा प्रणाली हो । वर्तमानमा हाम्रो परीक्षा प्रणाली कलम कागज परीक्षा (paper pencil test) मा आधारित रहेको छ ।

यो मूल्याङ्कनको धेरै पुरानो प्रणाली हो । यो प्रणालीले संज्ञानात्मक क्षमताको बढी मात्रामा लेखाजोखा गर्दछ । विद्यार्थीले स्मरण र लेखन शैली मात्र लेखाजोखा पर्छ । भावनात्मक र मनोक्रियात्मक पक्षलाई यो प्रणालीले धेरै महत्त्व दिएको छैन ।

हाम्रो अहिलेको मूल्याङ्कन प्रणालीले प्रक्रियालाई भन्दा उत्पादनलाई बढी जोड दिने भएकाले विद्यार्थीहरू सकेसम्म घोक्ने, कण्ठ गर्ने र अङ्क बढी ल्याइने कार्यमा मात्र जोड दिन्छन् । यसो गर्दा परीक्षामा अनियमितता जस्ता कार्यहरू बढी देखापर्दछन् । विद्यार्थीहरू निष्कासित हुने, परीक्षा रद्द गर्नुपर्ने जस्ता कार्यहरू हुन पुग्छन् । कतिपय परीक्षाहरूमा प्रश्नपत्र बाहिरिने जस्ता विकृतिहरू देखिनु, यही मूल्याङ्कन प्रणालीको नतिजाले गर्दा हो ।

नेपालमा वि.सं. १९९० सालदेखि चल्दै आएको एसएलसी परीक्षामा केही मात्रामा सुधारका सङ्केतहरू देखिन थालेका छन् । जे जस्तो भए पनि यो paper pencil test को अर्को रूपमा अक्षराङ्कन प्रणाली (letter grading system) सुरु गरिन थालिए पनि मूल्याङ्कन तरिकामा फरक तर मूल्याङ्कनको आयाम  लिखित परीक्षा (paper pencil test) नै हो । अबको मूल्याङ्कन प्रणालीका लागि गर्नुपर्ने सुधार मूल्याङ्कन साधन (testing device) बाट 50% र non testing device बाट 50% गरिनुपर्ने आवश्यकता छ । none testing device बाट मूल्याङ्कन गर्दा विद्यार्थीहरूको क्षमता र खुबी प्रदर्शन हुन सक्छ । मूल्याङ्कनका लागि परीक्षा नगरिकन गरिने मूल्याङ्कनले विद्यार्थीहरूको मनोक्रियात्मक क्षेत्रको परीक्षण गर्दछन् ।

शैक्षिक क्षेत्रसँग सम्बन्धित विद्यार्थीका उपलब्धि, पाठ्यक्रमको प्रभावकारिता प्रशासनिक कुशलता, शैक्षिक उत्पादन र प्रक्रिया आदिसँग सम्बन्धित विभिन्न पक्षहरूका गुण, क्षमता एवम् वैशिष्ट्यहरू विगतदेखि प्रयोग गर्दै आइएको कार्यहरू शैक्षिक मापनका प्रकृति हुन् । विगतमा प्रयोगमा ल्याइएका विधि, प्रक्रिया र तरिकाहरू तत्कालिन परिवेशअनुसार थिए । हाल आएर शैक्षिक प्रणालीले उत्तर आधुनिक युगमा प्रवेश गरेको छ । यस्तो अवस्थामा परीक्षा प्रणालीका परम्परागत प्रवृत्तिहरू विस्थापित हुने र नवीनतम् प्रवृत्ति स्थापित हुने आवश्यकता छ । परम्परागतदेखि लिखित परीक्षा (Paper Pencil Test) प्रचलित साधनका रूपमा प्रयोगमा आए पनि हाल यसका थुप्रै नवीन चुनौतीहरू देखा परेका छन् । विज्ञान र प्रविधिको विस्फोटसँगै ज्ञानात्मक पक्षभन्दा सिपलाई बढी महत्त्व प्रदान गरिनुपर्ने देखिएको छ ।

परम्परागत लिखित परीक्षा प्रणालीको विकल्पको रूपमा प्रभावकारिता र वैज्ञानिक पद्धतिका आधारमा विद्यार्थीका सिकाइ उपलब्धि मापन गर्ने विभिन्न विधि र प्रक्रियाको आरम्भ भएको छ । शैक्षिक उपलब्धिको वार्षिक र अर्धवार्षिक रूपमा लिखित परीक्षाको माध्यमबाट मापन गर्ने परिपाटी अवैज्ञानिक भैसकेको छ । मापनलाई समय सापेक्ष वैज्ञानिक एवम् त्रुटिरहित बनाउने विश्वव्यापी रूपमा आधुनिकीकरणका प्रयासहरू भएका छन् । नेपालले राज्यको पुनसंरचनामा शिक्षामा परिवर्तन गर्न अपरिहार्य छ । उक्त परिवर्तनले यी प्रवृत्तिलाई नअङ्गाली सुख्खै छैन । तिनीहरूलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

**१.उच्च महत्त्वका परीक्षा** (High Stakes Testing - HST)

यो लिखित परीक्षालाई उच्च जोड दिएको परीक्षा हो । यो संयुक्त राज्य अमेरिकामा आरम्भ भएको परीक्षणसँग सम्बन्धित नयाँ सुधारको कार्यक्रम हो । यसले एकमात्र परीक्षण प्रयोग गरी विविध शैक्षिक निर्णयका लागि सूचना उपलब्ध गराउनुपर्दछ । विद्यालयका शैक्षिक आर्थिक एवम् सामाजिक प्रभाव सम्बन्धित निर्णय निर्माण गर्नका लागि परीक्षण तथा आंकलनलाई मात्र प्रयोग गरिन्छ । परिक्षा परिणामको आधारमा विद्यार्थीलाई कक्षोन्नति गर्ने विद्यालय र शिक्षकलाई पुरस्कार वा दण्ड दिने, यसैको माध्यमबाट विद्यालयलाई अनुदान उपलब्ध गराउने कार्य र विश्व विद्यालय तहका कुनै पेसाको निम्ति आवश्यक लाइसेन्स उपलब्ध गराउने परीक्षा HST हो । नेपालको सन्दर्भमा लोक सेवाका परीक्षा, पेसागत लाइसेन्सका परीक्षा TOEFL, IELTS, GRE यसभित्र पर्दछन् । यो प्रणालीलाई विद्यालय तहमा पनि प्रयोग गर्न अबको अपरिहार्यता छ ।

**२. दक्षतामा आधारित आकलन** (Performance Based Assesmet - PBA)

यो प्रणाली वर्तमान समयमा आएर परम्परागत लिखित परीक्षाको विकल्पमा विश्वव्यापी रूपमा आएको हो । यसको महत्त्वपूर्ण विशेषता भनेको कुनै पनि कार्यका लागि अन्तिम नतिजा मात्र नहेरी संलग्न प्रक्रियालाई हेर्नु, ज्ञानात्मक पक्षलाई मात्र महत्त्व नदिएर अनुभव र जीवनमा प्रयोगमा ल्याउन सक्ने क्षमता पत्ता लगाउनु, परम्परागत लिखित परीक्षाबाट मापन गर्न नसकिने सिकाइ उपलब्धि मापन गर्ने, रणनीतिक प्रक्रिया अपनाउनु जसका लागि मौखिक, अवलोकन, प्रयोगात्मक र समूह कार्य आदि गर्नु एउटै समयमा मात्र नभएर निरन्तर स्वाभाविक मूल्याङ्कनमा जोड दिन र सक्रिय सिकाइमा जोड दिनका लागि गरेर सिक्ने (learning by doing) पद्धतिलाई आत्मसात गर्नु हो ।

संयुक्त राज्य अमेरिकाले सन् १९९० देखि प्रयोगमा ल्याएको धारणा हो यो । यसले व्यावहारिक ज्ञान जाँचने भरपर्दो मापनको काम गर्दछ । यो परीक्षण नितान्त सिप प्रदर्शनसँग सम्बन्धित छ । यसले विद्यार्थीले कुनै पनि कार्य सम्पादन कति राम्ररी गर्न सक्दछन् भन्ने कुरालाई आधार बनाउँछ । यो विधि अमेरिका लगायत युरोपमा पनि प्रचलनमा छ । केही विद्यार्थीहरू परम्परागत सिप डोको बुन्ने, नाम्लो बाट्ने, जुत्ता सिउने, कपडा सिलाउने कार्यमा घरबाट सिकी पोख्त हुन्छन् उनीहरू ज्ञानात्मक तहको सिकाइ घोक्ने, कण्ठ गर्ने कार्यमा कमजोर हुन्छन् । भाषागत र विषयगत समस्याले उनीहरूले विद्यालयमा सिक्न नसक्ने हुन्छन् । यस्तो अवस्थामा उनीहरूको सिपको परीक्षण गरी स्तरोन्नति गरेर त्यही सिपअनुसार उनीहरूलाई रोजगार उपलब्ध गराउन PBA पद्धति मूल्याङ्कनको एउटा अपरिहार्य आधार बन्न सक्छ ।

**३. उपलब्धि सङ्ग्रह** (Portfolio Assessment -PA)

विद्यार्थीलाई एकै पटक उत्तीर्ण, अनुत्तीर्ण गराउनुभन्दा उनीहरूका विशेष खालका कार्यहरूको अभिलेख राख्ने, मूल्याङ्कनको स्तर निर्धारण गर्ने, वर्गिकरण, क्षेत्रीयकरण वा प्रतिवेदन कार्यका लागि उपलब्धि सङ्ग्रह अति महत्त्वपूर्ण छ । यो विद्यार्थीका छुट्टा छुट्टै कार्यको सङ्ग्रह हो र विशिष्ट कार्यहरूको

व्यवस्थित अभिलेख हो । यसले विद्यार्थीका सबल र दुर्बल पक्षको पहिचान गरी कमी कमजोरी सुधार्न सहयोग गर्दछ । त्यसैले कार्य संचायिका शैक्षिक मापनको लागि एक आधुनिक नवीनतम विधि हो । यसलाई विद्यार्थीका महत्त्वपूर्ण कार्यहरू हेर्ने प्रगतिको अवस्था छुट्याउने, उपलब्धि स्तरलाई वर्गीकरण गर्ने, प्रगतिस्तर पत्ता लगाउने र अन्त्यमा उक्त जानकारीका आधारमा विद्यार्थीको अन्तिम निर्णय दिने गर्दछ । यसले विद्यार्थीको उत्तीर्ण अनुत्तीर्ण छुट्याउनुभन्दा विद्यार्थीको खास खास कार्यको अभिलेख राखी त्यसैका आधारमा श्रेणीकरण गर्दछ । विद्यालयमा कोही विद्यार्थी अतिरिक्त क्रियाकलाप जस्तै गायन, वाद्यवादन, खेलकुद, नृत्य आदिमा निपूर्ण हुन्छन् तर उनीहरू कक्षा शिक्षणमा कमजोर देखिन सक्छन् यस्तो अवस्थामा उनीहरूको स्तर निर्धारणमा यो विधि उपयुक्त हुन्छ ।

**४. शैक्षिक सुधार र विश्वव्यापी अर्थतन्त्र** (Education Reform and Global Economy- ERGE)

शैक्षिक सुधार र विश्वव्यापी अर्थतन्त्र वा विश्वव्यापी प्रतिस्पर्धीलाई समयमा महत्त्वपूर्ण प्रवृत्तिको रूपमा हेर्ने गरिन्छ । हाल शैक्षिक सुधारको प्रभावकारिता र विश्वव्यापी अर्थतन्त्रमा प्रतिस्पर्धा गर्न सक्ने गरी विद्यार्थीलाई सक्षम बनाउन सक्ने गरी परीक्षण आकलन विधिलाई प्रयोगमा ल्याइएको छ । यो योजना अमेरिकामा सुरु गरिएको थियो र यसले अमेरिकन शिक्षा प्रणालीका कमी कमजोरीलाई अगाडि ल्याएर सुधार्ने उपायको खोजी गरेको थियो । नेपालको 10+2 तह वा सो सरह अध्ययन गरेका विद्यार्थीले विश्वको जुनसुकै मुलुकमा गएर पनि अध्ययन गर्न सकून भन्ने ध्येय यसले राख्छ ।

परम्परागत प्रयोगबाट मापन गर्दा ज्ञानका सैद्धान्तिक क्षेत्रको मात्र मापन गर्ने गर्दथे जसको कारण शैक्षिक क्षेत्रमा उत्पादित जनशक्तिको खुल्ला बजारमा प्रतिस्पर्धा गर्न सकेनन् । अन्तर्राष्ट्रिय बजारमा सैद्धान्तिक ज्ञान मात्र भएर पुग्दैन । दक्षता र क्षमताको उपयुक्त विकास हुनुपर्छ, यसको लागि उपयुक्त शैक्षिक प्रणाली र मापन विधि हुनुपर्छ । सन् १९८३ मा अमेरिकाले सुधार प्रणालीको सुरु गरेको थियो । नेपाली विद्यार्थीहरू रोजगारीको लागि विश्वव्यापी रूपमा प्रतिस्पर्धा गर्नुपर्ने अवस्थामा उनीहरूलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार खरो रूपमा उतार्नका लागि शैक्षिक सुधार गरी मूल्याङ्कनमा अन्तर्राष्ट्रिय प्रणाली अपनाउनुपर्ने अवस्था छ ।

**निष्कर्ष**

हामी अहिले निर्माणको अवस्थामा छौं । यसले देशमा स्थायित्व ल्याउने स[a]\केत गरेको छ । हामीसँगैका कतिपय विश्वका मुलुकहरू राजनैतिक परिवर्तनसँगै शिक्षाको पुनर्संरचना गरी धेरै अगाडि बढिरहेका छन् । अमेरिकाले सन् १७७५ को स्वतन्त्रता सङ्ग्रामपछि सन् १७८९ मा संविधान बनाउँदा शिक्षामा पनि परिवर्तन गऱ्यो । जापानले सन् १९५२ मा अनिवार्य तथा निःशुल्क शिक्षाका रूपमा शिक्षामा पुनर्संरचना गऱ्यो । बेलायतले सन् १९४४ बाट शिक्षामा परिवर्तन गरी अगाडि बढ्यो । मलेसियाले सन् २००४ मा शिक्षामा पुनर्संरचना गऱ्यो । हाम्रो देशमा २००७, २०१७, २०४६ र २०६२/०६३ मा राजनीतिक परिवर्तनहरू भए पनि शिक्षामा तात्त्विक परिवर्तन गर्न सकेन । हरेक परिवर्तनले शिक्षालाई आफ्नो अनुकूल बनाउने मात्र प्रयास गरे । मानव संशाधन विकासको दृष्टिकोणअनुसार

शिक्षालाई बनाउने प्रयास गरेनन् । विशेष गरी सरकारबाट अनुदान प्राप्त विद्यालयहरूमा निर्वाहमुखी शिक्षा प्रणाली रह्यो । यस्तो शिक्षा प्रणालीले साक्षरता दर बढाउने कार्यमा मात्र जोड दियो । उत्पादित शिक्षितहरूले आफ्नो भूमिका आफैँ खोज्न सकेनन् । उनीहरू कि त प्रमाणपत्र लिएर जागिर खोज्ने कि त विदेश पलायन हुने काम गरे । देशमा उद्योग, कृषि, पर्यटन सबैमा काम चलाउ निर्वाहमुखी प्रवृत्ति रह्यो । अबको राज्य पुनर्संरचनामा शिक्षाको पुनर्संरचना गर्दा गुणस्तरीय सिपमूलक जनशक्ति उत्पादन गरी आफ्नो भूमिकाको खोजी आफैँ गर्न सक्ने र विश्वको जुनसुकै क्षेत्रमा समान प्रतिस्पर्धामा उत्रने जनशक्ति उत्पादन गर्नुपर्छ । देशको फरक फरक परिवेश जस्तै हिमालदेखि तराई, पूर्व मेचीदेखि पश्चिम महाकाली, केन्द्रीय, सङ्घीय, स्थानीय आवश्यकताअनुसारको पाठ्यक्रम, शिक्षा प्रक्रिया, अनुगमन, परीक्षा प्रणाली लागु गर्नुपर्छ । एकात्मक शैक्षिक प्रणाली जुन अहिले रहेको छ, यसलाई परिवर्तन गर्नुपर्छ । झापाको एउटा विद्यार्थीले औद्योगिक, कृषि शिक्षा पढेको बेला हुम्लाको विद्यार्थीले जडिबुटी, स्याउ, पर्यटन विषय पढ्ने पद्धतिको विकास गर्नु अपरिहार्य छ ।

## सन्दर्भ सूची


अर्याल, प्रेम नारायण र अन्यहरू (२०६९), **शिक्षामा मापन तथा मूल्याङ्कन**, काठमाडौँ : एसिया पब्लिकेसन ।

आचार्य, सुशान र अन्यहरू (२०६८), **अनौपचारिक शिक्षा : सिद्धान्त तथा अभ्यास**, काठमाडौँ : सनलाइट पब्लिकेसन ।

बराल, खगराज (२०७१), **मलेसियाको शासन प्रणाली र शिक्षा : एक समीक्षा**, सोपान, वर्ष ११, अङ्क ३, काठमाडौँ : मकालु प्रकाशन गृह ।

ढकाल, माधव प्रसाद र मातृकाप्रसाद कोइराला (२०६६), **शिक्षाका आधारहरु**, काठमाडौँ : रत्न पुस्तक भण्डार ।